कार्यपालिकाबाट स्वीकृत
मिति :- २०८१ पौष २४ गते

# "शिक्षक स्वर्णिम अवकाश योजना कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१"

प्रस्तावना

प्रतापपुर गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुमा स्थायी शिक्षकको रुपमा लामो समयदेखि आवद्ध रहनु भएका आदरणिय गुरुहरु प्रति उच्च सम्मान गर्दै उहाँहरुले शिक्षण पेशा मार्फत समाजमा पुर्याउनु भएको अनुकरणीय, अतुलनीय योगदानको उच्च कदर गर्दै शिक्षण पेशा प्रति कर्तव्य निष्ठतामा प्रतिवद्ध भई प्रदान गर्नु भएको निस्वार्थ सेवा भावलाई जीवन पर्यन्त स्मरणीय बनाउने उद्देश्यले शिक्षक स्वर्णिम अवकाश योजना कार्यक्रम मार्फत शैक्षिक गुणस्तर अभिवृद्धि गर्दै शिक्षा सेवामा नव प्रतिभालाई प्रोत्साहन गरी शिक्षण सिकाइमा नयाँ विधि तथा प्रविधिहरु भित्र्याउन आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा १०२ ले दिएको अधिकार प्रयोग गरी प्रतापपुर गाउँपालिकाले यो कार्यविधि जारी गरेकोछ।

## परिच्छेद– १

### प्रारम्भिक १. संक्षिप्त नाम र प्रारम्भः

(क) यस कार्यविधिको नाम ***"शिक्षक स्वर्णिम अवकाश योजना कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१"*** रहेको छ।

(ख) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. "कार्यपालिका" भन्नाले प्रतापपुर गाउँपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ।

ख. "कार्यविधि" भन्नाले शिक्षक स्वर्णिम अवकाश योजना कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ सम्झनुपर्छ।

ग. "दरवन्दी" भन्नाले सामुदायिक विद्यालयमा नेपाल सरकारबाट स्वीकृत प्राप्त दरबन्दी सम्झनुपर्छ।

घ. "गाउँपालिका" भन्नाले प्रचलित कानून बमोजिम गठन भएको प्रतापपुर गाउँपालिकालाई सम्झनुपर्छ।

ङ. "गाउँपालिका अध्यक्ष " भन्नाले प्रतापपुर गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ।

च. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले प्रतापपुर गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

छ. "प्रधानाध्यापक" भन्नाले सामुदायिक विद्यालयको प्रधानाध्यापक वा प्रधानाध्यापकको जिम्मेवारी बहन गर्ने शिक्षकलाई सम्झनुपर्छ ।

ज. "शिक्षक" भन्नाले नेपाल सरकारको स्वीकृत दरवन्दीमा कार्यरत शिक्षक सम्झनुपर्छ ।

झ. "विद्यालय" भन्नाले प्रचलित कानुन बमोजिम अनुमति वा स्वीकृति लिई प्रतापपुर गाउँपालिका भित्र सञ्चालनमा रहेको सामुदायिक विद्यालय सम्झनुपर्छ ।

ञ. "समिति" भन्नाले शिक्षक स्वर्णिम अवकाश योजना सहजीकरण समिति सम्झनुपर्छ ।

ट "शिक्षा शाखा" भन्नाले प्रतापपुर गाउँपालिकाको शिक्षा शाखा सम्झनुपर्छ ।

ठ "आर्थिक प्रशासन शाखा" भन्नाले प्रतापपुर गाउँपालिकाको आर्थिक प्रशासन शाखा सम्झनुपर्छ ।

## परिच्छेद– २
## कार्यक्रमका उद्देश्यहरु

३. शिक्षक स्वर्णिम अवकाश योजना कार्यक्रमका उद्देश्यहरू:

यस कार्यक्रमका देहाय बमोजिमका उद्देश्यहरु रहेका छन्:

क. २० वर्ष भन्दा लामो समयदेखि निरन्तर शिक्षण पेशामा आवद्ध भई स्थायी शिक्षकहरुले शैक्षिक उन्नयनमा पुऱ्याउनु भएको योगदानको उच्च कदर गर्दै सम्मान गर्ने ।

ख. शिक्षण पेशाप्रति प्रतिवद्ध भई सेवा पुर्याउनु भएका शिक्षकहरुलाई समाजमा सम्मानित नागरिकको रुपमा स्थापित गराउने ।

ग.नवप्रतिभालाई शिक्षण पेशामा आकर्षित गरी गुणस्तरीय शैक्षिक विकासका लागि टेवा पुर्याउने ।

उमेश बेहर यादव
अध्यक्ष

## परिच्छेद– ३
## कार्यक्रम कार्यान्वयन प्रक्रिया

४. प्रतापपुर गाउँपालिकाका शिक्षकहरुको स्वर्णिम अवकाश योजना कार्यक्रम कार्यान्वयनका लागि देहाय बमोजिमको प्रक्रिया अवलम्बन गरिनेछः–

क. स्वर्णिम अवकाश योजना कार्यक्रममा सहभागी हुन योग्यता पुगेका शिक्षकहरूलाई प्रोत्साहन गर्न आवश्यक सूचना प्रवाह गर्ने।

ख. यस कार्यक्रममा सहभागी हुन चाहने तोकिएको योग्यता पुगेका शिक्षकहरूले अनुसूची-१ को ढाँचामा तपसिलका कागजात सहित निवेदन माग गर्ने।

- ➢ नागरिकताको प्रतिलिपि,
- ➢ स्थायी नियुक्तिपत्रको प्रतिलिपि,
- ➢ बढुवा नियुक्तिपत्रको प्रतिलिपि,
- ➢ अनिवार्य अवकासको मिति खुल्ने कागजातहरु,
- ➢ सम्पूर्ण शैक्षिक योग्यताको कागजातका प्रतिलिपिहरु।

ग. सूचना प्रकाशन भएको अन्तिम मितिले १५ दिन भित्र प्राप्त आवेदन उपर छानबिन गरी सहजीकरण समितिले तोकिएको योग्यता पुगेका शिक्षकहरूको विवरण प्रकाशित गर्ने।

## परिच्छेद– ४
## कार्यक्रम कार्यान्वयन सहजीकरण समिति गठन

५. शिक्षक स्वर्णिम अवकाश योजना कार्यक्रय कार्यान्वयन सहजीकरण समितिः– प्रतापपुर गाउँपालिकाको शिक्षकहरूको स्वर्णिम अवकाशका लागि स्वर्णिम अवकाश योजना कार्यक्रम कार्यान्वयन सहजीकरण गर्न देहाय बमोजिमको एक शिक्षक स्वर्णिम अवकाश योजना सहजीकरण समिति तपशिल बमोजिम गठन गरिनेछ :

क. प्रमुख प्रशासकीय अधिकृत – संयोजक
ख. आर्थिक प्रशासन शाखा प्रमुख –सदस्य
ग. प्रशासन शाखाको कर्मचारी १ जना – सदस्य

घ. सामुदायिक माध्यमिक विद्यालयको प्रधानाध्यापक मध्येबाट – सदस्य

ङ. शिक्षा शाखा प्रमुख – सदस्य सचिव

उक्त समितिको बैठकमा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, कर्मचारीहरु र विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

## परिच्छेद– ५
## सहजीकरण समितिको काम कर्तव्य र अधिकार तथा सेवा सुविधा

६. स्वर्णिम अवकाश योजना कार्यक्रम कार्यान्वयन सहजीकरण समितिको काम, कर्तव्य र अधिकार तथा सेवा सुविधा तपसिल बमोजिमको रहनेछ।

क.स्वर्णिम अवकाश योजना कार्यक्रममा सहभागी हुन योग्यता पुगेका शिक्षकहरूलाई प्रोत्साहन गर्ने।

ख. यस कार्यक्रम कार्यान्वयनका निम्ति १५ दिनको समयावधि तोकि सूचना प्रकाशित गर्ने।

ग. विनियोजित वजेट भन्दा बढी रकम लाग्ने गरी निबेदन दर्ता हुन् आएमा योग्यता क्रम अनुसार अवकास हुन छोटो समय रहेका शिक्षकहरुलाइ प्राथमिकता क्रममा राखि छानविन गरी आवश्यक कारवाही किनारा गर्ने।

तर निवेदकको नागरिकता, शैक्षिक योग्यता र सिटरोलमा जन्ममिति फरक पर्न गएमा सबै भन्दा छिटो अवकास हुने मिति खुल्ने तिनवटै कागजात मध्ये कुनै एउटालाइ आधार बनाइ प्राथमिकतामा राखिने र सोही अनुसार प्रोत्साहन रकम गणना गरिनेछ।

घ. यस कार्यविधिको अनुसूची २ बमोजिम सेवा सुविधा पाउन योग्य शिक्षकहरूको सेवा सुविधा किटान सहितको प्रतिवेदन कार्यपालिका समक्ष पेस गर्ने।

ङ. कार्यपालिकामा स्वर्णिम अवकाश योजना कार्यक्रम कार्यान्वयनका निम्ति तोकिए बमोजिमका अन्य कार्यहरू सम्पादन गर्ने।

च. सहजीकरण समिति तथा आमन्त्रित व्यक्तिहरुले प्रचलित कानुन बमोजिम बैठक भत्ता प्राप्त गर्नेछन्।

छ. समितिको बैठक आवश्यकता अनुरुप बस्नेछ।

ज. समितिले कार्यक्रम कार्यान्वयन गर्दा आवश्यक परेमा उपसमिति निर्माण गर्न सक्नेछ।

उमेश बहादुर यादव
अध्यक्ष

## परिच्छेद– ६

## गुनासो सुनुवाई सम्बन्धि व्यवस्था

७. स्वर्णिम अवकाश योजना कार्यक्रम कार्यान्वयन गर्दा कुनै गुनासो उजुरी तोकिएको अवधिभित्र निवेदन दिन सकिने छ । तोकिएको अवधिभित्र पर्न आएका गुनासो उजुरी आवश्यक छानविन गरी प्रचलित नियमानुसार काम कारवाही किनारा गरिने छ ।

## परिच्छेद– ७

## सेवा सुविधा सम्बन्धी व्यवस्था

८. शिक्षक स्वर्णिम अवकाश योजना समावेश हुने शिक्षकहरुको सेवा सुविधा सम्बन्धी व्यवस्था

क. स्वर्णिम अवकाश योजना कार्यक्रममा सहभागी आवेदकहरुबाट अन्तिम सूचीमा रहेका आवेदकहरुले यस कार्यक्रम मार्फत प्रोत्साहन स्वरुप अनुसूची २ बमोजिमको सेवा सुविधा प्राप्त गर्ने छन्।

ख. अनुसूची २ आ.व. २०८१।८२ को कार्यक्रममा मात्र लागु हुनेछ ।

ग. यस कार्यक्रममा अनुसूची-२ मा रहेको प्रोत्साहन रकममा उपलब्ध गराउन सक्नेछ । यस कार्यक्रममा छनोट भएका सरोकारवालाहरूसँगको सहभागीतामा सम्मान तथा अभिनन्दन कार्यक्रम आयोजना गरिनेछ ।

घ यस कार्यक्रममा छनौटमा परी प्रोत्साहन रकम लिनको लागि तपसिल बमोजिमको कागजात पेश गर्नुपर्ने छ ।

- लिखित निवेदन
- नागरिक्ताको प्रतिलिपि
- नियुक्ति पत्रको प्रतिलिपि
- सुरु विद्यालय हाजिरीको पत्रको प्रतिलिपि
- बढुवा भए बढुवा नियुक्ति पत्रको प्रतिलिपि
- सिटरोल फारामको प्रतिलिपि
- सम्पूर्ण शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
- राजिनामा पत्रको प्रतिलिपि

प्रतापपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रतापपुर, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश,नेपाल

## परिच्छेद–८

## विविध

९ क. स्वर्णिम अवकाश योजना कार्यविधिमा उल्लेख नभएका विषयहरू प्रचलित कानून बमोजिम हुने छ। साथै यस कार्यविधि अन्य प्रचलित कानूनसँग बाझिन गएमा बाझिएको हदसम्म बदर हुनेछ ।

ख. यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन आएमा गाउँपालिकाले त्यस्तो बाधा अड्चन फुकाउन सक्नेछ ।

ग.यो कार्यविधि गाउँ कार्यपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

उमेश चन्द्र यादव
अध्यक्ष

## अनुसूची– १
## निवेदन ढाँचा

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
प्रतापपुर गाउँपालिकाको कार्यालय,
प्रतापपुर ९ , नवलपरासी(ब.सु.प.) , लुम्बिनी प्रदेश नेपाल ।

विषयः स्वर्णिम अवकाश योजना कार्यक्रममा सहभागी हुने सम्बन्धमा ।

उपरोक्त विषयमा प्रतापपुर गाउँपालिका, शिक्षा शाखाद्वारा मिति ..... ... ... ... .......... मा प्रकाशित सूचना अनुसार शिक्षक स्वर्णिम अवकाश योजना कार्यक्रममा सहभागी हुन योग्य भएकोले स्वेच्छिक रूपमा यो निवेदन पेश गर्दछु ।

निवेदकको

नाम थरः
तहः
श्रेणीः
शिक्षक संकेत नंः
स्थायी ठेगानाः
जन्म मितिः

अनिवार्य अवकास हुने मितिः (नागरिकता वा शैक्षिक योग्यतामध्ये जुन मिति अघि आउँछ सोको पूरा मिति उल्लेख गर्ने)

कार्यरत विद्यालयको नाम
ठेगानाः

माथि उल्लेखित विवरण ठीक साँचो हो झुठा ठहरिएमा कानून बमोजिम सहुँला बुझाउला ।

दस्तखतः
नामः
फोन नः

| बायाँ | दाया |
| --- | --- |
| | |

## अनुसूची २

### स्वर्णीम अवकाश योजना कार्यक्रममा
### छनोट भएका शिक्षकहरुलाइ प्रदान गरिने
### प्रोत्साहन रकम सम्बन्धी विवरण

| क्र सं | मिति अवधि | रकम |
|---|---|---|
| १ | सूचना प्रकाशन भएको मितिले प्राथमिक तहको शिक्षकको लागि अनिवार्य अवकास पांउन १ वर्ष भन्दा बढी र ३ वर्ष भन्दा कम सेवा अवधि भएमा एकमुष्ट | १ वर्षको लागि रु १०००००। र सो भन्दा माथि प्रति महिना प्रावि तृतिय श्रेणीको लागि रु ५०००। प्रावि द्वितीय श्रेणीको लागि रु ५५००। र प्राथमिक प्रथम श्रेणीको लागि ६६००। का दरले अनिवार्य अवकास हुने अवधिको हिसाब गरी एकमुष्ट |
| २ | सूचना प्रकाशन भएको मितिले निम्नमाध्यमिक तहको शिक्षकको लागि अनिवार्य अवकास पाउन भन्दा १ वर्ष भन्दा बढी र ३ वर्ष भन्दा कम सेवा अवधि भएमा एकमुष्ट | १ वर्षको लागि रु १२००००। र प्रति महिना तृतिय श्रेणीको लागि ५५००।, द्वितीय श्रेणीको लागि रु ६६००। र प्रथम श्रेणीको लागि रु ७०००। का दरले अनिवार्य अवकास हुने अवधिको हिसाब गरी एकमुष्ट |
| ३ | सूचना प्रकाशन भएको मितिले माध्यमिक तहको शिक्षकको लागि अनिवार्य अवकास पाउन भन्दा १ वर्ष भन्दा बढी र ३ वर्ष भन्दा कम सेवा अवधि भएमा एकमुष्ट | १ वर्षको लागि रु १५००००। र प्रति महिना तृतीय श्रेणीको रु ६६००।, द्वितीय श्रेणी रु ७५००। र प्रथम श्रेणीको रु ८५००। का दरले अनिवार्य अवकास हुने अवधिको हिसाब गरी एकमुष्ट |
| ४ | सूचना प्रकाशन भएको मितिले अनिवार्य अवकास पाउन ३ वर्ष भन्दा बढी सेवा अवधि भएमा एकमुष्ट | प्राथमिक तहको तृतीय श्रेणीको रु २५५००० ।- (दुइ लाख पचपन्न हजार मात्र ।) |
| | | प्राथमिक तहको द्वितीय श्रेणीको रु २७०००० ।- (दुइ लाख सत्तरी हजार मात्र ।) |
| | | प्राथमिक तहको प्रथम श्रेणीको रु ३१०००० ।- (तीन लाख दश हजार मात्र ।) |
| | | निम्नमाध्यमिक तहको तृतीय श्रेणीको रु २९०००० ।- (दुइ लाख नब्बे हजार मात्र ।) |
| | | निम्नमाध्यमिक तहको द्वितीय श्रेणीको रु ३२५००० ।- (तीन लाख पचिस हजार मात्र ।) |
| | | निम्नमाध्यमिक तहको प्रथम श्रेणीको रु ३३५००० ।- (तीन लाख पैतीस हजार मात्र ।) |
| | | माध्यमिक तहको तृतीय श्रेणीको रु ३५०००० ।- (तीन लाख पचास हजार मात्र । |
| | | माध्यमिक तहको द्वितीय श्रेणीको ३८०००० ।- (तीन लाख असी हजार मात्र ।) |
| | | माध्यमिक तहको प्रथम श्रेणीको ४१०००० ।- (चार लाख दश हजार मात्र ।) |

उमेश चन्द्र यादव
अध्यक्ष